आज मिति २०८३ साल वैशाख ८ गते मङ्गलवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

## उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री शान्ति राई | शान्ति राई |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २० | इन्जिनियर | श्री विपन सुवेदी | |

२०८३/१/८
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

२०८३/१/८
अशोक राई
अध्यक्ष

**प्रस्तावहरु**

१. आर्थिक वर्ष २०८३/८४ को २० औं गाउँसभाको कार्यतालिका स्वीकृति सम्वन्धमा
२. एक घर एकधारा कार्यक्रमको लागत अनुमान स्वीकृत गरी इ टेण्डर गर्ने सम्वन्धमा
३. उपभोक्ता समिति मार्फत आधारभूत स्वास्थ्य भवन निर्माण सम्वन्धमा
४. करार सेवामा कार्यालय सहयोगी नियुक्ति सम्वन्धमा
५. स्काभेटर अपरेटरको करार सेवाको लागि विज्ञापन प्रकाशन सम्वन्धमा
६. कर्मचारी पदस्थापना सम्वन्धमा
७. विद्यालयमा शौचालय निर्माण सम्वन्धमा
८. स्थानीय आर्थिक गणना समन्वय समिति गठन सम्वन्धमा
९. विपन्न नागरिक आवास कार्यक्रम २ आमचोक-१० को लागी प्राप्त लक्षित वर्गहरुको नामावली/लाभग्राहि छनौट सम्बन्धमा
१०. वडा नं २ र ३ को वडा कार्यालय भवन निर्माणको लागि लागत अनुमान स्वीकृत गरी इ-टेण्डर गर्ने सम्वन्धमा
११. अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमको ३ जना कर्मचारीहरुलाई महंगी भत्ता उपलव्ध गराउने सम्वन्धमा
१२. गरिवी पहिचान तथा वर्गीकरणको लागि गणकहरु छनौट सम्वन्धमा
१३. कक्षा थप सम्बन्धमा
१४. उपभोक्ता हित संरक्षण समिति गठन सम्वन्धमा
१५. विपदमा परेका घर परिवारहरु र सामुदायिक वन महासंघलाई राहत उपलव्ध गराउने सम्वन्धमा
१६. कर्मचारी सरुवा सहमती सम्वन्धमा
१७. स्काभेटर खरीदको मुल्याङ्कन स्वीकृत गरी आसयको सूचना प्रकाशन गर्ने सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं.१ माथि छलफल भई आर्थिक वर्ष २०८३/८४ को २० औं गाउँसभाको कार्यतालिका तपशिल वमोजिम स्वीकृत गर्ने ।

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १ | राजस्व परामर्श समितिको वैठक | २०८३ वैशाख १३ |
| २ | श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठक | २०८३ वैशाख १४ गते |
| ३ | कार्यपालिकाको वैठक (नीति कार्यक्रमको विषयमा अवधारणा प्रस्तुत) | २०८३ वैशाख १५ |
| ४ | वडा स्तरीय | |
| | (क) वडा समितिको वैठक | २०८३ वैशाख १६ गते |
| | (ख) वस्ती स्तरको योजना छनौट | २०८३ वैशाख २० देखि ३० |
| | (ग) वडा स्तरको सरोकारवालाहरुसंगको छलफल | २०८३ जेष्ठ ५ र ६ गते |
| | (घ) वडा समितिवाट योजना छनौट | २०८३ जेष्ठ १५ गते भित्र |
| ५ | पालिका स्तरीय | |
| | (क) गाउँपालिकाको शाखा अनुसारको वजेट तथा कार्यक्रमको विषयमा छलफल | २०८३ जेष्ठ ५ र ६ |
| | (ख) गाउपालिका स्तरीय सरोकारवालाहरुसंगको छलफल | २०८३ जेष्ठ ७ देखि १० |
| ६ | समिति स्तरिय वैठक | |

प्रमुख प्रशासकीय अधिकृत २०८३/१/८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८३/१/८ अशोक राई अध्यक्ष

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| | (क) आर्थिक विकास समितिको वैठक | २०८३ जेष्ठ १९ |
| | (ख) सामाजिक विकास समितिको वैठक | २०८३ जेष्ठ २० |
| | (ग) पूर्वाधार विकास समितिको वैठक | २०८३ जेष्ठ २१ |
| | (घ) वातावरण तथा विपद व्यवस्थापन समितिको वैठक | २०८३ जेष्ठ २२ |
| | (ङ) विकास तथा सेवा प्रवाह तथा शुसासन समितिको वैठक | २०८३ जेष्ठ २३ |
| ७ | विधायन समितिको वैठक | २०८३ जेष्ठ २४ देखि २६ |
| ८ | योजना तथा वजेट तर्जुमा समितिको वैठक | २०८३ असार १ र २ |
| ९ | गाउकार्यपालिकाको वैठक | २०८३ असार ६ र ७ |
| १० | गाउँसभा | २०८३ असार १०-२७ |
| | (क) नीति,कार्यक्रम तथा वजेट प्रस्तुत | २०८३ असार १० |
| | (ख) गाउँसभाले स्वीकृत गर्नु पर्ने अन्य विषयहरु पेश छलफल तथा स्वीकृत | २०८३ असार २७ |
| ११ | शुत्रमा वजेट प्रविष्टी | २०८३ असार २८-३० |
| १२ | दर रेट निर्धारण समितिको वैठक | २०८३ असार ३२ |
| १३ | आर्थिक वर्ष २०८३/८४ को खरीद योजना तयारी तथा स्वीकृति | २०८३ श्रावण ५ |

**निर्णय नं.२**

प्रस्ताव नं.२ माथि छलफल भई आमचोक गाउँपालिकालाई नेपाल सरकार र प्रदेश सरकारबाट विशेष अनुदान तथा समपुरक अनुदान मार्फत एक घर एक धारा कार्यक्रम स्वीकृत भएको र उक्त कार्यको लागि जुकेखोला खानेपानी योजना आमचोक ६ को लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार आमचोक गा.पा. , मोरङ्ग र सुनसरी जिल्लाको आ.व. २०८२/०८३ को स्वीकृत जिल्ला दररेटको अधिनमा रही तयारी गरिएको लागत अनुमान रु. १,६१,४८,६६९।६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ बमोजिम स्वीकृत गर्ने । साथै उक्त कार्यको लागि नेपाल सरकारबाट प्राप्त रकममा यस आमचोक गाउँपालिकाले साझेदारी गर्नुपर्ने रकम यस आमचोक गाउँपालिकाको कार्यालयले ब्यहोर्ने गरी इ-टेण्डर गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं.३ माथि छलफल भई नेपाल सरकार सशर्त अनुदान अन्तर्गत आधारभूत स्वास्थ्य सेवा भवन निर्माण आमचोक-३ मा इ-विड गर्दा कुनै पनि निर्माण व्यवशायीहरु इ-विडमा सहभागी नभएको र पुन इ-विड गर्दा समय अभावको कारण उक्त कार्य यहि आर्थिक वर्ष भित्र सक्ने गरी उपभोक्ता समिति मार्फत गर्ने ।

**निर्णय नं.४**

प्रस्ताव नं.४ माथि छलफल भई आमचोक गाउँपालिकाको करारमा कर्मचारी छनौट समितिको मिति २०८२ चैत्र २३ गतेको सिफारीस र छनौट भएको उम्मेदवारको निवेदनको आधारमा तपशिल वमोजिमको कार्यालय सहयोगी(श्रेणी विहिन) कर्मचारीहरुलाई २०८३ असार मसान्त सम्म करारमा नियुक्त गर्ने ।

| क्र.सं. | नाम | वावुको नाम | ठेगाना | कार्यक्षेत्र |
|---|---|---|---|---|
| १ | विनिता तामाङ्ग बिष्ट | जनक वहादुर तामाङ्ग | आमचोक ४ | गाउँपालिका |
| २ | अञ्जना राई | पुसखर राई | आमचोक ५ | आमचोक ५ वडा कार्यालय |

प्रमुख प्रशासकीय अधिकृत ०८३।१।८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८३।१।८ अशोक राई अध्यक्ष

**निर्णय नं.५**

प्रस्ताव नं.५ माथि छलफल भई हाल गाउँपालिकाले स्काभेटर खरीद प्रकृयाको अन्तिम चरणमा पुगेकोले स्काभेटर चालक (हेभि सवारी चालक) श्रेणी विहिन आवश्यक भएकोले सो पदको दरवन्दी श्रृजना गरी करार सेवामा लिनको लागि २१ दिनको विज्ञापन आह्वान गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं.६ माथि छलफल भई स्वास्थ्य सेवा तर्फ गण्डकी प्रदेशवाट काज फिर्ता भइ आउनु भएका दुइजना जनस्वास्थ्य निरिक्षिक (छैठौं) र प्रदेश लोकसेवा आयोगवाट सिफारिस भइ आउनु भएका प्रशासन अधिकृत (सातौं) लाई तपशिल वमोजिम पदस्थापना गर्ने ।

| क्र.सं. | नाम थर | पद | कार्यरत | श्रेणी/तह | सेवा | समुह | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| १ | सरोज श्रेष्ठ | जनस्वास्थ्य निरिक्षक | काज फिर्ता | छैटौं तह | स्वास्थ्य | हे ई | स्वास्थ्य चौकी वासिङ्थर्पू |
| २ | पुर्णकला मगर | जनस्वास्थ्य निरिक्षक | काज फिर्ता | छैटौं तह | स्वास्थ्य | हे ई | जनस्वास्थ्य अस्पतालमा दरवन्दी कायम गरी आधारभूत स्वा से के बसाईगाँउमा काज |
| ३ | युवराज सुवेदी | प्रशासन अधिकृत | कोशी प्रदेश लोकसेवा आयोगवाट सिफारिस भइ आएको | सातौं तह | प्रशासन | सामान्य प्रशासन | प्रशासन शाखा प्रमुख |

**निर्णय नं.७**

प्रस्ताव नं.७ माथि छलफल भई कोशी प्रदेश सकार सामाजिक विकास मन्त्रालयको भौतिक सुधार कार्यक्रम अन्तर्गत WASH सहित शौचालय निर्माणको लागि रु.७०००००। वजेट प्राप्त भएकोले गाउँ शिक्षा समितिको सिफारिस वमोजिम श्री मकालु आधारभूत विद्यालय आमचोक ६ मा WASH सहितको शौचालय निर्माण गर्ने ।

**निर्णय नं.८**

प्रस्ताव नं.८ माथि छलफल भई राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनीक तथा आर्थिक मापदण्ड २०८२ को दफा १७ अनुसार स्थानीय तहले आफ्नै श्रोतवाट खर्च व्यहोर्ने गरी मिति २०८३ वैशाख २ गतेदेखि असार ७ गतेसम्म हुने आर्थिक गणना कार्यलाई सहयोग र सहजिकरण गर्न तपशिल वमोजिमको समितिहरु गठन गर्ने ।

**पालिकास्तर**

क)स्थानीय आर्थिक गणना समन्वय समिति

- अध्यक्ष – संयोजक
- उपाध्यक्ष-सदस्य
- वाणिज्य,व्यापार संङ्घ संस्थाको प्रतिनिधि ३ जना – सदस्य (आमचोक ४ निवासी श्री शिवदेव राई,आमचोक ९ निवासी श्री राजेन्द्र श्रेष्ठ र आमचोक ४ निवासी श्री अमर बहादुर सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत २०८३/१/८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

०८३/१/८ अशोक राई अध्यक्ष

- सुरक्षा प्रतिनिधि-सदस्य (इलाका प्रहरी कार्यालय बालंखाको प्रमुख)
- प्रमुख प्रशासकीय अधिकृत –सदस्य सचिव

**वडास्तर**

ख) आर्थिक गणना वडा सहजीकरण समिति

- वडाअध्यक्ष-संयोजक
- वडा सदस्य १ जना –सदस्य
- वाणिज्य,व्यापार संङ्घ संस्थाको प्रतिनिधि ३ जना - सदस्य(वाणिज्य,व्यापार संङ्घ संस्थाको प्रतिनिधि ३ जना वडा समितिले छनौट गर्ने)
- सुरक्षा प्रतिनिधि-सदस्य
- वडा सचिव-सदस्य सचिव

**निर्णय नं.९**

प्रस्ताव नं.९ माथि छलफल भई विपन्न नागरिक आवास कार्यक्रम २ आमचोक-१० को लागी आमचोक गाउँपालिकाको विपन्न नागरिक आवास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ को दफा ४ को उपदफा (३) वमोजिम कार्यविधिको दफा १० को उपदफा (१) वमोजिम गठन भएको विपन्न नागरिक आवास कार्यक्रम समन्वय समितिको सिफारिसको आधारमा दफा ४ को उपदफा (४) वमोजिम तपशिल वमोजिम लाभग्राहिहरु छनौट गर्ने ।

तपशिलः-

| क्र.स. | नाम थर | ठेगाना/टोल | घर नं. | वर्ग | छाना निर्माण | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | ज्ञान ब. राई | बेङ्टार | २३४ | घ | छाना निर्माण | ९८४४४६४७४१ |
| २ | मान बहादुर राई | बेङ्टार | २३५ | घ | छाना निर्माण | ९८४४४६४७४१ |
| ३ | निर बहादुर मगर | राङ्चा | २४१ | घ | छाना निर्माण | ९८४४४०३२३७ |
| ४ | दीलमाया राई | पदोखा | ३८४ | घ | छाना निर्माण | ९७६७३७५३५९ |
| ५ | भिम बहादुर राई | रोल्ला | ८७ | घ | छाना निर्माण | ९७६६३३५०६६ |
| ६ | जस बहादुर मगर | धारापानी | २६४ | घ | छाना निर्माण | ९७६७७९४५०७ |
| ७ | भवेन्द्र बहादुर राई | सेतो गरगरे | १७१ | घ | छाना निर्माण | ९८४०९२८९४१ |
| ८ | रकम सिं राई | सेतो गरगरे | १५३ | ग | छाना निर्माण | ९८४०९२८९४१ |
| ९ | राजेन्द्र विष्ट | सेतो गरगरे | १४० | ग | छाना निर्माण | ९८६५४४४६२४ |
| १० | भक्त माया श्रेष्ठ | लसुने | २३२ | घ | छाना निर्माण | ९७६३७१४०२१ |
| ११ | प्रलाद राई | पांजि डाँडा | ३६२ | घ | छाना निर्माण | ९७६४४८४८६२ |
| १२ | दिपक वि.क. | कार्कीछाप | ११३ | ग | छाना निर्माण | ९७६९७९२९४० |
| १३ | भुपाल विश्वकर्मा | कार्कीछाप | १३० | ग | छाना निर्माण | ९८६०७६९४९७ |

प्रमुख प्रशासकीय अधिकृत
२०८३/१/८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

२०८३/१/८
अशोक राई
अध्यक्ष

## निर्णय नं.१०

प्रस्ताव नं.१० माथि छलफल भई आमचोक गाउँपालिकाको आ.ब. २०८२/०८३ को स्वीकृत निति,कार्यक्रम तथा बजेट अनुसार आमचोक गाउँपालिका वडा नं. २ र ३ को वडा कार्यालय भवन निर्माणको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार आमचोक गा.पा. , मोरङ्ग र सुनसरी जिल्ला को आ.व. २०८२/०८३ को स्वीकृत जिल्ला दररेटको आधारमा तयारी गरिएको तपशिल वमोजिमको लागत अनुमान सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ बमोजिम स्वीकृत गरी इ-टेण्डर गर्ने ।

तपशिलः

| | | |
|---|---|---|
| वडा नम्बर २ | जम्मा लागत | रु. ८५,३५,३२९।३१ |
| | PS आईटम | रु. १,१०,०००।०० |
| | मु.अ.कर (१३%) | रु. ११,०९,५९२।८१ |
| | कन्टिन्जेन्सी (३%) | रु. २,५६,०५९।८८ |
| | जम्मा रकम | रु. १,००,१०,९८२।०० |
| वडा नम्बर ३ | जम्मा लागत | रु. १,०९,५५,०५७।२१ |
| | PS आईटम | रु. १,२०,०००।०० |
| | मु.अ.कर (१३%) | रु. १४,२४,१५७।४४ |
| | कन्टिन्जेन्सी (३%) | रु. ३,२८,६५१।७२ |
| | जम्मा रकम | रु. १,२८,२७,८६६।३६ |

## निर्णय नं.११

प्रस्ताव नं.११ माथि छलफल भई अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रमको तपशिल वमोजिमक ३ जना कर्मचारीहरुलाई श्रावण महिनादेखि लागु हुने गरी नेपाल सरकार वित्तिय समानीकरण अनुदानको अपाङ्ग रोकथाम तथा पुनस्थापना कार्यक्रम शिर्षकवाट महंगी भत्ता उपलव्ध गराउने ।

| क्र.सं. | नाम थर | पद | सेवा |
|---|---|---|---|
| १ | श्री कला तोलाङ्गे | फिल्ड सहजकर्ता | करार |
| २ | श्री सुरेश सुवेदी | फिल्ड सहजकर्ता | करार |
| ३ | श्री सविना कवर | अपाङ्गता सहायक सहजकर्ता | करार |

## निर्णय नं.१२

प्रस्ताव नं.१२ माथि छलफल भई नेपाल सरकार भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिब पहिचालन तथा मापदणड शाखाद्वारा गरिवी पहिचान तथा वर्गीकरणको लागि स्थानीय तहहरुलाई नै तथ्याङ्क सङ्कलन गर्ने जिम्मेवारी दिएकोले यस कार्यको लागि गाउँपालिकाको पार्श्व चित्र तयारीको लागी छनौट भइ कार्य गरिरहेका तपशिल वमोजिमको गणकहरुलाई नै पार्श्वचित्रको तथ्याङ्क संकलन गर्ने कार्य सकिएपछि परिचालित गर्ने । कार्यविधि वमोजिम गणकहरुलाई सञ्चार खर्च वापत रु.७००।,तथ्याङ्क संकलन गरेको प्रतिदिन खाजा र यातायात खर्च रु.२०० र प्रति घरधुरि सर्वेक्षणको रु.७५। का दरले सेवा सुविधा उपलव्ध गराउने ।

तपशिल

| वडा नं | नाम,थर | सम्पर्क नं | योग्यता | कैफियत |
|---|---|---|---|---|
| १ | मञ्जु विश्वकर्मा | ९७०२४५२५९३ | +२ | |
| | सविना विष्ट | ९७४२८७६०९८ | +२ | |

प्रमुख प्रशासकीय अधिकृत २०८३/१/८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंबा, भोजपुर २०७३

२०८३/१/८ अशोक राई अध्यक्ष

| वडा नं | नाम,थर | सम्पर्क नं | योग्यता | कैफियत |
|---|---|---|---|---|
| २ | कविता महाराजी(विष्ट) | ९७६२५०५१८३ | +२ | |
| | खान्नुहाङ्ग राई | ९७६४४८३२८६ | +२ | |
| ३ | आङ्डोमा शेर्मा | ९७६३६२०६७४ | +२ | |
| | सुसन राई | ९७४९४८२२८६ | +२ | |
| ४ | दिवहाङ्ग किराँत | ९८४२५६५५९४ | +२ | |
| | संगिता श्रेष्ठ | ९७४६९७२९८९ | +२ | |
| ५ | लक्ष्मण राई | ९७६६३३५०९१ | +२ | |
| | सम्झना मगर राई | ९७६४८९७८८८ | +२ | |
| ६ | प्रतापसिं राई | ९८६६०४७०४४ | +२ | |
| | प्रमिला राई | ९७६९३७०३८० | +२ | |
| ७ | सृजना तामाङ्ग | ९८४१४३७९७९ | +२ | |
| | मनोज राई | ९७४६२१९६०४ | +२ | |
| ८ | श्रीधन राई | ९७६५७१३४६७ | +२ | |
| | हिरादेवी खड्का | ९८६०७३३१०५ | +२ | |
| ९ | यूँ कुमार श्रेष्ठ | ९८६२०२०४१० | +२ | |
| | अतिक्षा राणा मगर | ९७६२७२३५०३ | +२ | |
| १० | विनिता मगर | ९७६२९२८१५४ | +२ | |
| | मौसम राई | ९७४६६१३६३१ | +२ | |

**निर्णय नं.१३**

प्रस्ताव नं.१३ माथि छलफल भई गाउँ शिक्षा समितिको सिफारिसको आधारमा श्री दुधकोशी आधारभूत विद्यालय आमचोक १० सेतो गरगरेमा हाल बालकक्षा देखी कक्षा ४ सञ्चालन हुदै आएकोमा शैक्षिक सत्र २०८३ देखी कक्षा ५ थप गरी सञ्चालन गर्न अनुमति दिने साथै श्री पञ्चकन्या मा वि आमचोक -१ वासिङ्गथर्पूमा हाल बाल कक्षा देखि कक्षा ११ सञ्चालन हुदै आएकोमा शैक्षिक सत्र २०८३ देखि कक्षा १२ थप गरी सञ्चालन गर्न अनुमति दिने ।

**निर्णय नं.१४**

प्रस्ताव नं.१४ माथि छलफल भई आमचोक गाउँपालिकाको वजार अनुगमन निर्देशिका २०७४ को दफा ३ वमोजिम तपशिल अनुसार आमचोक गाउँपालिकाको उपभोक्ता हित संरक्षण समिति गठन गर्ने ।

तपशिल

क) संयोजक-उपाध्यक्ष श्री सीता राई

ख) सदस्य-आर्थिक समितिको संयोजक श्री रोशन मगर

ग) सदस्य-जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधी (जिल्ला प्रशासन कार्यालयले खटाए वमोजिम)

घ) सदस्य-खाद्य,गुणस्तर,औषधी/जनस्वास्थ्य/उद्योग वाणिज्य हेर्ने शाखा प्रमुख श्रीअभिषेक मिश्र (जनस्वास्थ्य अधिकृत(सातौं)

च) सदस्य-उद्योग वाणिज्य संघको प्रतिनिधि श्री मिलन राई (आमचोक १)

छ) सदस्य सचिव-कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख श्री केशर श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत २०८३/१/८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंबा, भोजपुर २०७३

०८३/१/८

अध्यक्ष

**निर्णय नं.१५**

प्रस्ताव नं.१५ माथि छलफल भई मिति २०८२/१२/०२ गतेको असिना, पानी र हावाहुरीले तपशिल वमोजिमको घरहरुलाई क्षति पुर्याएको प्रहरी सर्जिमिन मुचुल्का र वडा कार्यालयको सिफारीस प्राप्त भएकोले तपशिल वमोजिम आंशिक क्षेती भएको परिवारहरुलाई र सामुदायिक उपभोक्ता वन समूहहरुलाई रु.१००००/१००००।(दश/दशहजार) नेपाल सरकार राजश्व अनुदानको उद्धार,राहत तथा पुनस्थापना खर्च शिर्षकवाट भुक्तानी दिने ।

तपशिल

| क्र.सं. | नाम | ठेगाना | विवरण | पेश भएको आवश्यक कागजात |
|---|---|---|---|---|
| १. | हस्तमाया राई | आमचोक-७ | फुसको छानो भएको दुइतले घरको छाना आंसिक रुपमा क्षती | प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस |
| २. | राजकुमार राई | आमचोक-७ | फुसको छानो भएको एकतले घरको छाना आंसिक रुपमा क्षती | प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस |
| ३. | मान्द्रे ताम्पाला सामुदायिक वन उपभोक्ता समूह | आमचोक-७ | समूहको भवनको टिनको छानोले उडाएको | प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस |
| ४. | हर्दिला सामुदायिक वन उपभोक्ता समूह | आमचोक-७ | समूहको भवनको टिनको छानोले उडाएको | प्रहरी सर्जमिन मुचुल्का र वडा कार्यालयको सिफारिस |

**निर्णय नं.१६**

प्रस्ताव नं.१६ माथि छलफल भई यस गाउँपालिकामा कार्यरत देहायका कर्मचारीको स्वास्थ्यमा समस्याका कारण निजलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ को उपदफा ४ ले व्यवस्था गरेको प्रावधान बमोजिम अन्तर स्थानीय तह सरुवा भई जान सहमति देने ।

| सि. नं. | कर्मचारीको नाम | पद | तह | सेवा/समूह | सहमती दिएको स्थानीय तह | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नविन शाही | कृषि प्राविधिक सहायक | सहायक स्तर पाँचौ | कृषि/कृषि प्रसार | खिजीदेम्वा गाउँपालिका, ओखलढुङ्गा | सरुवा |

प्रमुख प्रशासकीय अधिकृत
२०८३/१/८

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

०८३/१/८
अशोक राई
अध्यक्ष

निर्णय नं.१७

प्रस्ताव नं.१७ माथि छलफल भई आमचोक गाउँपालिकाको बोलपत्र नं. ARM/NCB/GOODS/02/2082-083 " PROCUREMENT OF CRAWLER MOUNTED HYDRAULIC EXCAVATOR" को लागि २०८२/११/२९ गते प्रकाशित सूचना अनुसार बोलपत्र पेश गर्ने अन्तिम मिति भित्र पेश हुन आएका बोलपत्रहरुको बोलपत्र किताबमा उल्लेखित मुल्याङ्कन आधारहरुको अधिनमा रहि मुल्याङ्कन समितिले मुल्याङ्कन गरि पेश भए वमोजिम पूर्णताको परिक्षण गर्दा सफल हुन आएका बोलपत्रहरुको तुलनात्मक तालिका तयार गर्दा तपसिल बमोजिम बोलपत्रदाता श्री एम ए डब्लु अर्थ मुभर्स को कबोल अङ्क रु. १,०५,००,०००।– (अक्षेरुपि रु एक करोड पाँच लाख मात्र) (मु.अ.क नलाग्ने) यस कार्यालयको लागत अनुमान भन्दा कम रहेको पाईएकोले सारभुत रुपमा प्रभाबग्राही उक्त श्री एम ए डब्लु अर्थ मुभर्स प्रा.लि. को बोलपत्र स्वीकृत गरी सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा (२) वमोजिम उक्त ऐनको दफा ४७ प्रयोजानर्थ ७ दिने आशयको सूचना प्रकाशन गर्ने ।

**तपशिल**

| Item | Description | Project Estimate | | | MAW Earth Movers Pvt. Ltd. | | Explore Earth Movers Pvt. Ltd. | |
|---|---|---|---|---|---|---|---|---|
| | | Quantity | Unit Price | Total Price (in NRS) | Unit Price | Total Price (in NRS) | Unit Price | Total Price (in NRS) |
| 1 | PROCUREMENT OF CRAWLER MOUNTED HYDRAULIC EXCAVATOR | 1 | 11920000 | 11920000 | 10500000 | 10500000 | 10990000 | 10990000 |
| Total A | | | | 11920000 | | 10500000 | | 10990000 |
| VAT 13%*B | | | | | | | | |
| SUB C=A+B | | | | 11920000 | | 10500000 | | 10990000 |
| LESS DISCOUNT: D | | | | 0 | | 0 | | 0 |
| GRAND TOTAL E=C+D | | | | 11920000 | | 10500000 | | 10990000 |
| RANK | | | | | | 1 | | 2 |

२०८३/१/८
प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

०८३/१/८
अशोक राई
अध्यक्ष